बैठक संख्या -१३ मिति: २०६१।८।१८

आज मिति २०६१।८।१८ गते बिहीबारका दिन धरान नगरपालिकाको बोर्डको बैठक प्रमुख तथा कार्यकारी अधिकृत रिवाहेत राईको अध्यक्षतामा बस्यो।

उपस्थिति

प्रमुख एवं कार्यकारी अधिकृत - रिवाहेत राई -

निर्णय नं.-१ (एक)

आ.व. २०६२/६३ को वार्षिक कार्यक्रम तर्जुमाका लागि मिति २०६१।८।२३ गते १ बजे पूर्व योजना तर्जुमा गोष्ठी आयोजना गर्ने निर्णय गरियो।

निर्णय नं.-२ (दुई)

न.पा. को चालु आ.व. २०६१/६२ को लागि तयार गरेको निम्न अनुसारको क्षमता विकास योजना स्वीकृत गरि आवश्यक बजेट निकासा हुन क्लस्टर (cluster) मार्फत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा माँग गर्ने निर्णय गरियो।

| | | | | | |
|---|---|---|---|---|---|
| | | जानकारी नगराइएकाले धरान न पा ले MCPM मा अग्र स्थान ल्याउन नसकेको । | हुनेछ । | अभिमुखीकरण | |
| १० | नगरपालिकाको संस्थागत क्षमता विकास | धरान नगरपालिकाले प्रदान गर्ने सेवालाइ छिटो तथा सहज बनाउन आफूले प्रवाह गर्ने सेवाहरु कम्प्युटरको माध्यम बाट प्रवाह गर्ने व्यवस्था गरेको छ । तर नगरपालिकाको सबै शाखा उपशाखाहरूमा आवश्यकता अनुसारका सफ्टवेयर नभएकाले काममा केहि असहज छ । | संफ्टवेर को माध्यमबाट नगरपालिकाको काम कार्यवाही छिटो छरीतो तथा चुस्त दुरुस्त भएको हुनेछ । | सामाजिक विकास शाखाका लागी र सहरी विकास शाखाका लागि Software व्यवस्थापन गर्ने । | २ |
| ११ | सुशासन व्यवस्थापन | धरान नगरपालीकाले २०६२ साल देखिनै नागिरक वडा पत्र लागू गरेको र सोहि अनुसार सेवा प्रवाह गरि आएको साथै वडा समितिहरुमा पनि नागरिक वडा पत्र राखिएके तर क्षति पूर्ति सहितको नागरिक वडा पत्र लागू नभएको । | क्षति पूर्ति सहितको नागरिक वडा पत्र अध्यावधी गरी सबै वडा समिति कार्यालयमा पनि राखिएको र सोहि अनुसारको सेवा ग्राहिहरुलाई सेवा प्रवाह भएको हुनेछ । | क्षतिपूर्ति सहितको नागिरक बडा पत्र सम्बन्धी अभिमुखीकरण | २ |
| १२ | समुदायको क्षमता विकास कार्यक्रम | धरान नगरपालिकाको दीर्घकालिन सोच धरानलाई पर्यटकीय पूर्वाधार युक्त नगर बनाउने भन्ने रहेता पनि सो क्षेत्रमा अपेक्षित कार्य हुन नसकेको र पर्यटकहरुलाइ आकर्षण गर्ने कुनै योजनाहरु नभएको । सथै धरान र यसका आसपासका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार समेत यथेष्ट हुन नसकेको । | धरानका पर्यटन सँग सरोकार राख्ने सघ संस्थाहरू र पर्यटन व्यवसायी हरुको व्यवहारमा परिवर्न आएके र पर्यटक हरु आउने कम बडेको हुने छ । | सरोकारवाला संघ-संस्थाहरु र व्यवसायी हरुकालागि पर्यटन प्रवर्धन सम्बन्धी अनु शिक्षण | २ |
| १३ | समुदायको क्षमता विकास कार्यक्रम | वडा नागरिक मञ्च /नागरिक सचेतना केन्द्र/ उपभोक्ता समिति का पदाधिकारीहरू/नपा कर्मचारी /राजनैतिक दलका पदाधिकारीलाई सूचनाको हक सम्बन्धी व्यवस्थाको जानकारी नभएकाले सूचनाको हक सम्बन्धि कानूनको प्रभावकारी कार्यान्वयन हुन नसकेको | सूचनाको हक सम्बन्धी कानूनको प्रभाव कारी कार्यान्वयन भएको र सार्वजनिक सरोकारका विषयमा सबैले सूचना पाएका हुने छन । | सरोकार वाला सबैका लागि सूचनाको हक सम्बन्धी अनुशिक्षण कार्यक्रम | १ |
| १४ | कर्मचारीहरुको क्षमता विकास | धरान नगरपालिकाले आफ्ना कर दाताहरुको विवरण कम्प्युटर मा राखेको र सफ्टवेयरको माध्यम बाट कर अशुली गर्ने गरेको तर उक्त सफ्टवेयर चलाउन सक्ने दक्ष कर्मचारी कम भएकाले कुनै एक जना कर्मचारी विदामा बस्दा कर अशुली प्रभावित हुने अवस्था रहेको । | धेरै कर्मचारीहरुले कम्प्यूटर सफ्टवेयरको प्रयेग गर्न जानेका हुने छन र कर अशुलीमा कुनै व्यवधान आएको हुने छैन । | कर्मचारी हरुका लागि Tax software system सम्बन्धि तालिम | २ |
| १५ | कर्मचारीको क्षमता विकास | हाल WBRS पद्धति बाट मासिक चौ मासिक तथा वार्षिक प्रगति विवरण सम्बन्धित निकायमा पठाउनु पर्ने तर WBRS पद्दती ज्ञान भएका कर्मचारी कम भएकोले प्रगति विवरण बनाएर पठाउन कठिनाइ भइरहेको । | WBRS पद्दती मा समयमा नै तथ्याङ्क कम्प्युटरमा समाविष्ट गरी समयमा नै प्रगति विवरण सम्बन्धित निकायमा पठाइएको हुने छ । | कर्मचारीहरूका लागि WBRS र Data Entry सम्बन्धी तालिम | १ |
| १६ | कर्मचारीको क्षमता वकास | हाल नगरपालिकाले वारुणा यन्त्र सचालन गरीरहेको छ । अग्नी नियन्त्रणका नया नया पद्दतीहरु आइ सकेका छन । तर धरान नगरपालिकामा रहेका अग्नी नियन्त्रकहरु प्रशस्त तालिम प्राप्त नभएकाले अग्नी नयन्त्रणमा समस्या भएको छ | वारुणयन्त्रमा कार्यरत कर्मचारीहरु तालिम प्राप्त भइ प्रभावकारी अग्नि नियन्त्रण गरेका हुने छन । | वारुणयन्त्र सम्बन्धी पुन ताजकी तालिम | २ |
| १७ | नगरपालिकाको क्षमता विकास | हाल सघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट वातावरण मैत्री स्थानीय शासन कार्याविधि बनाएर लागू भएको छ । तर सो कार्यान्वयन गर्न नगरपालिका सग कुनै कार्य योजना नसहेको । | EFLG का बारेमा सरोकार वाला लाइ जानकारी हुनुका साथै EFLG रणनितिक योजना को प्रारुप तयार भएको हुनेछ । | EFLG रणनितिक योजना तयारी कार्यशाला गोष्ठी | २ |
| १८ | नपा तथा समुदायको क्षमता विकास कार्यक्रम | संघ-संस्था तथा सरोकारवालाहरू ले कुनै पनि तालिम तथा कार्यक्रम संचालन गर्दा TDS सम्बन्धीको कम जानकार भएको पाइएको | संघ-संस्था तथा सरोकारवालाहरू ले कार्यक्रम संचालन गर्ने क्रममा TDS सम्बन्धीको प्रचलित नियम तथा दरको विषयमा जानकार भएको हुनेछन् । | TDS/ टिडिएस सम्बन्धी तालिम | १ |